ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था

प.सं. २०८२/८३
च.नं./क.स./१६६

मितिः-२०८३/०३/३१

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाडौं ।

विषयः- लेखापरीक्षक नियुक्त भएको जानकारी सम्बन्धमा ।

महाशय,

यस संस्थाको मिति २०८३/०३/१४ गते बसेको प्रथम वार्षिक साधारण सभामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आ.व. २०८२/८३ अवधिको र साविक समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०८२/८३, (२०८२ साउन १ गते देखि २०८२ कार्तिक ०१ गतेसम्म) मर्जर पूर्वको समेत बाह्य लेखापरीक्षण गर्न संस्थामा प्राप्त चारवटा कोटेशनहरु क्रमशः आर.पोखरेल एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेण्ट, मिनभवन-३१ काठमाडौं, पि.आर.के. एशोसियट्स चार्टर्ड एकाउन्टेण्ट, वानेश्वर, काठमाडौं, एन वी रोकाया एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेण्ट, धापाखेल-२४, ललितपुर र एन.वि. एस. एम एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेण्ट, नक्साल, काठमाडौंले प्रस्ताव गरेको लेखापरीक्षण शुल्क तथा अन्य खर्च साधारण सभा समक्ष पेश भएकोमा अन्य फर्महरुको तुलनामा सबै भन्दा न्यूनतम लेखापरीक्षण शुल्क र अनुभव समेत रहेको लेखापरीक्षक आर.पोखरेल एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेण्ट, मिनभवन-३१ काठमाडौंलाई उल्लेखित अवधिसम्मको बाह्य लेखापरीक्षण, कर लेखापरीक्षण र लङ्गफर्म अडिट रिर्पोट तयार गर्न तथा कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण प्रमाणित गर्नका लागि मुल्य अभिवृद्धि कर बाहेक रु.७,५०,०००।- (अक्षरेपी सात लाख पचास हजार मात्र) पारिश्रमिक प्रदान गर्ने र अन्य खर्च (परिवहन, आवास, खाना तथा नास्ता खर्च) बापत एकमुष्ट रु. ३,२५,०००।- (अक्षरेपी तीन लाख पच्चिस हजार मात्र) प्रदान गर्ने गरी लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

संलग्नः
वार्षिक साधारण सभाको माइनुट (पेज संख्या- ११ )

भवदीय,

(श्याम कुमार कटुवाल)
कम्पनी सचिव

बोधार्थ

१. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौं ।
२. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौं ।
३. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार-१५, ललितपुर ।
४. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
५. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतली सडक, काठमाडौं ।